नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
**श्रम तथा रोजगार कार्यालय**
भन्सारमार्ग, टेकु, काठमाण्डौ

# श्रमिक आपूर्तिकर्ता दर्ता/नविकरण सम्बन्धी सूचना

१. श्रम तथा रोजगार कार्यालय, टेकुबाट इजाजतपत्र लिनुहुने श्रमिक आपूर्तिकर्ताहरुले आफ्नो कम्पनीको लेटरहेडमा **अनिवार्य रुपमा श्रमिक आपूर्तिकर्ता इजाजत पत्र नं.** उल्लेख गर्नुहुन जानकारी गराइन्छ।

२. आ.व. २०८२/८३ को लागि श्रमिक आपूर्तिकर्ता इजाजतपत्र दर्ता/नविकरणको काम कारवाही एकिकृत श्रम व्यवस्थापन सूचना प्रणाली (https://ilmis.dolos.gov.np/) बाट हुने भएकोले श्रमिक आपूर्तिकर्ता कम्पनीहरुले दर्ता/नविकरणको लागि निवेदनसाथ पेश गर्नुपर्ने सबै विवरण एकिकृत श्रम व्यवस्थापन सूचना प्रणाली (https://ilmis.dolos.gov.np/) मा स्वयम अपलोड गरी कार्यालयमा निवेदन पेश भए पछिमात्र काम कारवाही अगाडी बढाइने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

३. श्रमिक आपूर्तिकर्ता इजाजतपत्र दर्ता/नविकरणको लागि आवश्यक फारामहरु https://loba.gov.np/pages/downloads/ बाट डाउनलोड गर्न सकिनेछ।

४. श्रम नियमावली २०७५ को नियम ३० (१) बमोजिमका कागजात सहित इजाजतपत्र प्राप्त कम्पनीले प्रत्येक वर्ष असोज मसान्तभित्र नवीकरणका लागि निवेदन दिनु पर्नेछ।

५. प्रत्येक आ.व.को असोज मसान्त भित्र इजाजतपत्र नविकरण नगराउने श्रमिक आपुर्तिकर्ताहरुले सोहि आ.व. भित्र नविकरणको लागि निवेदन दिएमा म्याद भुक्तान भएको प्रत्येक महिनाको लागि नविकरण दस्तुरको १०(दश) प्रतिशतले हुन आउने रकम थप दस्तुर लिइ इजाजतपत्र नविकरण गर्न सक्नेछ।

६. साथै उक्त अवधि भित्र विवरण नबुझाएमा र नविकरण नगराएमा श्रम ऐन, २०७४ को दफा ६२ र श्रम नियमावली २०७५, को नियम ३२ बमोजिम इजाजतपत्र खारेजी, निलम्बन वा जरिवाना गर्न सकिने व्यहोरा सम्बन्धित सबै इजाजत पत्र प्राप्त श्रमिक आपूर्तिकर्तालाई जानकारी गराइन्छ।

पुनश्चः श्रम ऐन २०७४ को दफा ६० बमोजिम यस कार्यालयबाट इजाजतपत्र प्राप्त गरेका श्रमिक आपुर्तिकर्ताहरुले कार्यालय समक्ष हरेक वर्षको पौष मसान्तभित्र श्रम नियमावली २०७५ को नियम ३१ बमोजिम विवरण समेत बुझाउनुपर्ने छ।

कार्यालय प्रमुख